## मिति २०८२/०७/२५ गतेको कार्यपालिका निर्णयहरु

| क्र. श. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा। | आ.व २०८२/०८३ मा हाल सम्म योजनाहरुको कार्यान्वायनको प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो। |
| २ | नवप्रवर्तन साझेदारी परियोजना प्रस्तावना सम्बन्धमा। | "नवप्रवर्द्धन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२"को अनुसुची ३ मा उल्लेखित प्रविधिमा आधारित शिक्षा सम्बन्धी शिर्षकमा अवधारणा पत्र पेश गर्ने निर्णय गरियो। |
| ३ | बारपाक सुलिकोट रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा। | बारपाक सुलिकोट गाउँपालिका स्थानीय शिक्षा समिति र प्रधानाध्यापक बैठकको सिफारिस बमोजिम छैठौं बारपाक सुलिकोट रनिङ शिल्ड प्रतियोगिता **कार्तिक महिनाको** २८,२९ र ३० गते शहिद आशाकाजी श्रेष्ठ स्मृति रंगशालामा गर्ने सर्वसम्मत निर्णय गरियो। |
| ४ | सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा। | आ.व. २०८२/०८३ मा गाउँपालिकाबाट सम्पादित कार्य र सेवाप्रवाहको सार्वजनिक सुनुवाई कार्यक्रम मंसिर महिना भित्र वडा नं ४ सौरपानीमा गर्ने निर्णय गरियो। |
| ५ | धान खेतीमा भएको क्षति विवरण सम्बन्धमा। | मिति २०८२/०६/११ गते देखि ऐ.१६ गते सम्म परेको वर्षाका कारण क्षति भएको धान बाली बारे जनप्रतिनिधि र प्राविधकहरुको स्थलगत अनुगमन गरी प्रतिवेदन प्रदेश सरकारलाई क्षतिपुर्तिका लागि लेखि पठाउने निर्णय गरियो। |
| ६ | झोलुंगे पुल माग सम्बन्धमा। | स्थानीय पूर्वाधार विकास विभागको प.सं. ०८२/८३ , च.नं. झो.पु./१५१ , मिति २०८२/०६/२७ को पत्रद्धारा आवश्यक झोलुङ्गे पुलहरुको विवरण माग भई आएकोमा, आवश्यक पर्ने झोलुङ्गे पुलहरु प्राथमिकताक्रम निर्धारण गरि पठाउने निर्णय गरियो। |

बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ७ | आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति कार्यविधि २०८२, सम्बन्धमा। | स्वास्थ्य शाखाबाट पेश भएको **आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति कार्यविधि २०८२** माथि विस्तृत रुपमा अध्ययन गरि प्राप्त राय सुझाव समेत समावेश गरी पारित गर्ने सर्वसम्मत निर्णय गरियो। |
| ८ | **विविध।** | क) आ.व. ०८१/०८२ देखि यस गाउँपालिकामा निर्माणाधिन **"खार्चोक भन्ज्याङ - माझथर सडक स्तरोन्नती"** आयोजनाको मिति २०८२/०७/३० गते समयअवधि सकिने हुँदा सो आयोजनाको पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।<br><br>ख) यस बारपाक सुलिकोट गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयार पार्दा वर्गीकरण छुट भएको कित्ता जग्गाको सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम जग्गा धनीको कित्ता जग्गाको भू-उपयोग क्षेत्रको वर्गीकरण गर्ने निर्णय गरियो। |

बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल